- ***सम्माननीय राष्ट्रपतिज्यू***
- ***सम्माननीय उपराष्ट्रपतिज्यू***
- ***सम्माननीय प्रधानमन्त्रीज्यू***
- ***प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू***
- ***राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू***
- ***माननीय उपप्रधानमन्त्रीज्यूहरु एवं माननीय मन्त्रीज्यूहरु***
- ***सम्माननीय पूर्व प्रधान न्यायाधीशज्यूहरु***
- ***राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू***
- ***सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु***
- ***संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु***
- ***न्याय परिषद्का माननीय सदस्यज्यूहरु***
- ***माननीय महान्यायाधिवक्ताज्यू एवं सर्वोच्च अदालतका पूर्व न्यायाधीशज्यूहरु***
- ***उच्च अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीशज्यू***
- ***नेपाल सरकारका मुख्य सचिवज्यू***
- **Your Excellency Ambassadors and Heads of the Missions**
- ***नेपाली सेनाका प्रधानसेनापतिज्यू***
- ***संघीय संसदका महासचिवज्यू***
- ***सर्वोच्च अदालतका मुख्यरजिष्ट्राज्यू***
- ***नेपाल सरकारका सचिवज्यूहरु एवं विशिष्ट श्रेणीका अधिकृतज्यूहरु,***
- ***सुरक्षा निकायका प्रमुखज्यूहरु***
- ***उच्च अदालतका माननीय न्यायाधीशज्यूहरु एवं माननीय जिल्ला न्यायाधीशज्यूहरु***
- ***नेपाल बार एशोसिएसनका अध्यक्षज्यू तथा कार्यसमितिका पदाधिकारीज्यूहरु***
- ***सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्षज्यू एवं उपत्यका स्थित बार एशोसिएनका अध्यक्ष एवम पदाधिकारीज्यूहरु***

➢ ***विद्‌वान वरिष्ठ अधिवक्ताज्यूहरु एवं अधिवक्ताज्यूहरु***
➢ ***उपस्थित समस्त अधिकृत, ट्रेड युनियनका प्रतिनिधि तथा कर्मचारी मित्रहरु***
➢ ***आदरणीय सञ्चारकर्मी एवम् उपस्थित महानुभावहरु।***

१. वि.सं. २००९ साल वैशाख २६ गतेबाट लागू भएको नेपाल प्रधान न्यायालय ऐन, २००८ ले स्वतन्त्र न्यायपालिकाको स्थापनासँगै शक्ति पृथकीकरणको अभ्यासलाई आत्मसात गरेको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष वैशाख २६ गतेको दिनलाई न्यायपालिकाले कानून दिवसको रुपमा हर्षोल्लासपूर्वक मनाउँदै आएको छ।

२. कानून दिवस-२०८२ का सन्दर्भमा सर्वोच्च अदालतद्‌वारा आयोजित यस विशेष समारोहमा सम्माननीय राष्ट्रपतिज्यूको गरीमामय उपस्थिति पाउँदा अत्यन्त गौरवको अनुभूति भएको छ यस अवसरका लागि सम्माननीयज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसैगरी यस समारोहमा उपस्थित हुनुभएका विशिष्ट अतिथि एवम सम्पूर्ण अतिथिहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

३. कानूनको शासन, स्वतन्त्र न्यायपालिका सम्बन्धी मूल्य मान्यता एवम् शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन सम्बन्धी सिद्‌धान्तलाई व्यवहारमा उतार्न सफल भएको आजको दिनलाई कानून दिवशको रुपमा मनाउदै आइएको व्यहोरा सबैमा बिदितै छ।यस अवसरमा न्यायपूर्ण समाजको स्थापनार्थ विधिको शासनमार्फत् आ-आफ्नो कर्तव्य निर्वाहमा सबैलाई सफलता मिलोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

४. प्रधान न्यायालयको स्थापनासँगै प्रारम्भ भएको स्वतन्त्र न्यायपालिकाको यात्रा वि.सं. २०13 सालमा सर्वोच्च अदालतको स्थापना पश्चात् इतिहासका विभिन्न कालखण्डमा जारी भएका संविधानहरुले स्वतन्त्र न्यायपालिकाको अवधारणालाई निरन्तरता दिंदै आएका थिए। संवैधानिक विकास क्रममा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मूल्य र मान्यतालाई अङ्‌गिकार गरिंदै आएको सन्दर्भमा तत्कालीन नेपाल

अधिराज्यको संविधान, २०४७ तथा नेपालको अन्तरिम संविधान, २०६३ ले स्वतन्त्र न्यायपालिकाको अवधारणा र व्यवस्थालाई आत्मसात गर्दै शक्ति सन्तुलन र नियन्त्रणका सम्बन्धमा थप सशक्त प्रावधानहरुको व्यवस्था गरेको थियो।

५. नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणालीमा न्याय प्रवाहको सँस्थागत प्रबन्धमा केही संरचनात्मक परिवर्तन गर्दै सारभूत रुपमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई संविधानको मौलिक अन्तरवस्तुका रुपमा व्यवस्थित गरिएको छ।संविधानलाई देशको मूल कानूनको रुपमा मान्यता प्रदान गर्नु र राज्यका हरेक निकायको काम कारवाही संविधान अनुकूल हुनु नै कानूनी राजको मूख्य मान्यता हो।संवैधानिक सर्वोच्चता कायम गर्ने सन्दर्भमा न्यायपालिकाले चालेका कदमहरु कानूनको शासनको कसीमा सुखद र सन्तोषप्रद पक्षहरु हुन्।

६. संविधानद्वारा सुनिश्चित व्यवस्थाहरु र कानूनद्वारा निर्धारित पद्धतिहरु जतिसुकै सबल भए तापनि निर्जीव कानूनी अक्षरहरुलाई जीवन्तता दिने कार्य सँस्थाहरुको कार्यकुशलता र प्रभावकारी भूमिकामा निर्भर हुने गर्दछ। न्यायपालिकाले यस अकाट्य सत्यलाई आत्मसात गरी तत्कालीन न्यायिक नेतृत्वको दूरदर्शीताको कारण दुई दशकअघिदेखि अर्थात् वि.सं. २०६१ सालदेखि न्यायिक सुधारको योजनावद्ध कार्यक्रमहरुको प्रारम्भ गरेको थियो। सँस्थागत सुधारको थालनी गर्दा रणानीतिक योजनाको तर्जुमा गरी प्रक्षेपण गरिएका कार्यक्रममा विशेषतः न्यायपालिकाको परिदृश्य परिभाषित गरी न्यायिक मूल्य र मान्यताका साथ योजनावद्ध सुधारका दीर्घकालीन रणनीति र क्रियाकलापहरु सञ्चालन हुँदै आएका छन्।म यस अवसरमा मेरा अग्रज पूर्व सम्माननीय प्रधान न्यायाधीशज्यूहरु एवम् पूर्व माननीय न्यायाधीशज्यूहरुको योगदानको मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छु।

७. विगतको निरन्तरता स्वरुप  यसै आर्थिक वर्षबाट अर्थात् २०८१ साल श्रावण १ गतेबाट न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन प्रारम्भ

भई *न्याय सम्पादनलाई प्रभावकारी बनाउने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, सुशासन तथा न्यायपालिका प्रतिको जनआस्था अभिवृद्धि गर्ने, न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने तथा मानव संशाधन तथा भौतिक पूर्वाधार विकास* समेतका पाँचवटा प्राथमिकताहरुमा हाम्रा कार्यक्रमहरु केन्द्रित छन्।

८. रणनीतिक योजनामा आधारित भई सर्वोच्च अदालत र देशभरिका अदालत एवं न्यायाधिकरणहरुले प्रत्येक वर्ष आफ्नो वार्षिक कार्ययोजना निर्माण गरी न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउदै सर्वसाधारणको न्यायमा पहूँच अभिवृद्धि गर्ने उद्धेश्यका साथ आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ।

९. न्यायपालिकाले मूलतः मुद्दा फर्छ्यौटमा आवधिक र संख्यात्मक लक्ष्यका साथै गुणात्मक र शीघ्र न्याय सम्पादनका लागि फरक मुद्दा व्यवस्थापन पद्धति, सूचना प्रविधिको अधिकतम् प्रयोग, मेलमिलापलाई प्रोत्साहन र सुशासन तथा जनआस्था अभिवृद्धिका साथै न्यायमा पहुँचको सुनिश्चिततालाई उच्च प्राथमिकतामा राखेको छ। यस उद्देश्यमा सक्षम, इमान्दार र समर्पित न्यायिक जनशक्ति अपरिहार्य हुने भएकाले समग्रमा मानव संशाधन तथा भौतिक पूर्वाधारलाई समेत यीनै प्राथमिकताभित्र समावेश गरिएको छ।

१०. अदालत प्रतिको जनआस्था अभिवृद्धिको परिणामस्वरुप वर्तमान समयमा अदालतहरुको कार्यचापमा भएको बढोत्तरीलाई सम्बोधन गर्नको लागि देशभरीका अदालतहरुमा अतिरिक्त समयमा समेत जिम्मेवारी बहन गरिरहनुपरेको अवस्था छ।कार्यचापको तुलानामा सेवा सुविधामा देखिएको न्यूनताले लक्ष्य प्राप्तिमा जनशक्तिलाई उत्प्रेरित गराउन अत्यावश्यक भएको मैले महसुस गरेको छु। यद्यपि, व्यवस्थापकीय दृष्टिले गरिएका सुधारका निरन्तर प्रयासहरुका कारण न्यायपालिकाले राखेका लक्ष्यहरु सुधारोन्मुख हुँदै आएको छ। यस अवस्थाले आगामी दिनमा थप

गति लिने विश्वासका साथ न्यायिक जनशक्तिलाई आशावादी भई कार्यक्षेत्रमा निरन्तर लागिरहन म सबैमा आग्रह गर्न चाहन्छु।

**११**.सर्वोच्च अदालतमा रहेका आठ (८) वर्ष नाघेका पुराना मुद्दाहरु विक्रम सम्बत २०८२ असार मसान्त भित्रमा र पाँच (५) वर्ष नाघेका पुराना मुद्दाहरु २०८३ असार मसान्त भित्रमा शून्य बनाउने लक्ष्यमा अधिकतम् सफलता हासिल भइरहेको छ। सर्वोच्च अदालतको समग्र मुद्दा फर्छ्यौट प्रतिशतमा समेत विगत वर्षको तुलनामा पछिल्लो ३ वर्ष देखि संख्यात्मक वृद्धि भइ पुराना बक्यौता मुद्दा उल्लेख्य रुपमा घट्न गएको छ। साथै, उच्च अदालत एवम जिल्ला अदालतहरुले दुई वर्ष नाघेका पुराना मुद्दाहरुलाई शून्य बनाउने र जुनसुकै मुद्दालाई पनि अठार (१८) महिना नाघ्न नदिने लक्ष्यमा अधिकाधिक सफलता हासिल भएको तथ्याङ्कहरुले देखाइरहेका छन्।

**१२**.नेपालको संविधानले परिकल्पना गरेको विशिष्टीकृत अदालतको अवधारणा अनुरुप २०८१ चैत २ गते देखि काठमाडौं उपत्यकाका तीन जिल्लाहरुको अधिकारक्षेत्र रहने गरी उपभोक्ता अदालत र २०८२ वैशाख २ गते देखि काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोक जिल्ला अदालत समेतको अधिकारक्षेत्र रहने गरी बाल अदालतको स्थापना गरिएको छ।

**१३**.न्यायपालिकाले विभिन्न देशका न्यायपालिकाहरुसँग सँस्थागत सम्बन्धको प्रवर्द्धन गर्ने तथा न्यायिक सहकार्य एवं सहयोगको आदानप्रदान गर्ने उद्देश्यका साथ गत २०८१ चैत २५ गते नेपाल र भारतको सर्वोच्च अदालतबीच समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर भएको छ भने २०८२ वैशाख १६ गते नेपालको सर्वोच्च अदालत र बेलायतको सर्वोच्च अदालतबीच सदभावना पत्र (Letter of Goodwill) मा हस्ताक्षर भएको छ। यी दुवै कार्यहरुबाट नेपालको न्यायपालिकाले मित्रराष्ट्रका न्यायपालिकाहरुसँगको सम्बन्ध विस्तारमा उल्लेख्य उपलब्धी हासिल गरेको छ।

१४.न्यायपालिकाको सँस्थागत सुधारका प्रयास र रणनीतिक दस्तावेजहरुमा उल्लेख भएका कुराहरुलाई मूर्त रुप दिनका लागि अन्ततः स्रोत, साधनको उपलब्धता र जनशक्तिको सक्षमता एवं इमान्दारितापूर्ण कार्यसम्पादन अपरिहार्य हुन्छ। अर्कोतर्फ, न्यायपालिकामा प्रवेश गरेका सक्षम, दक्ष र युवा जनशक्तिको प्रवेश मात्र पर्याप्त नभई उनिहरुको वृत्ति विकास, सेवा सुविधामा वृद्धि र व्यावसायिक विधाहरुमा क्षमता विकासका लागि प्रशिक्षणहरुको निरन्तरता अत्यावश्यक छ।

१५.कार्यसम्पादनमा प्रोत्साहन गर्न नसकिएमा आज न्यायपालिकाले प्राप्त गरेका दक्ष जनशक्तिलाई टिकाई राख्न र भविष्यको उत्तराधिकारीका रुपमा स्थापित गर्न चुनौतीपूर्ण देखिन्छ। यी सबै उद्देश्यमा न्यायपालिकालाई आवश्यक स्रोत, साधनको उपलब्धता अधिक महत्वपूर्ण छ। तसर्थ, न्यायपालिकाको सँस्थागत प्रबन्धका लागि भएका योजनावद्ध सुधार प्रक्रियाले राखेका अपेक्षाहरुको यथोचित सम्बोधनका लागि साधन, स्रोतको व्यवस्थापनमा नेपाल सरकार तथा समयानुकूल कानून निर्माण एवं संशोधनको कार्यमा संघीय संसद र अन्य विविध समसामयिक सन्दर्भमा सम्वद्ध सरोकारवाला निकायहरुको सकारात्मक सहयोग हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु।

१६.शक्ति पृथकीकरण र सन्तुलनको उद्देश्य सँस्थागत स्वतन्त्रता र कार्यगत स्वायत्ता हो। एक आपसका कार्यमा राज्यका निकायहरु स्वतन्त्र रहँदा रहँदै पनि यी निकायहरुबीच समन्वय, सहकार्य, संवाद र सौहार्दपूर्ण सम्बन्ध रहनु लोकतान्त्रिक सौन्दर्य पनि हो। तसर्थ, यस्ता विशेष अवसरहरुमा सम्भव भएसम्मका राज्यका अङ्गहरुको पुनर्मिलन हुने गरेको परम्परालाई आज पनि निरन्तरता दिन पाउँदा म थप हर्षित भएको छु।

१७.कानून दिवस-२०८२ को अवसरमा आयोजित यस समारोहमा समुपस्थित भई शुभकामना मन्तव्य राखिदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार

एवम् कृतज्ञता व्यक्त गर्दछु। यसैगरी कार्यक्रममा उपस्थित भइ कार्यक्रमको गरीमा बढाइदिनुभएकोमा अन्य सम्माननीयज्यूहरु प्रति आभार प्रकट गर्दछु।साथै, आमन्त्रित समस्त विशिष्ट अतिथिज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

१८.अन्त्यमा, कानून दिवस-२०८२ को सुखद अवसरमा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सँस्थागत विकासका साथै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई आत्मसात गर्दै न्यायपूर्ण समाज स्थापना गर्ने संवैधानिक लक्ष्य र उद्धेश्य प्राप्तिमा सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु। आजको यस विशेष समारोह पनि यही समाप्त भएको निवेदन गर्दै सर्वोच्च अदालतद्वारा आयोजित जलपानमा सरिक भइदिनुहुन सबैमा बिनम्रतापूर्वक अनुरोध गर्दछु। धन्यवाद!

**२०८२ वैशाख २६ गते, शुक्रबार काठमाण्डौ ।**